# नगर सन्देश

नगर सन्देश वा:पौ (साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक १६ ● ने.सं. ११४० चिल्लाथ्व ७ (सप्तमि) ● वि.सं. २०७६ फागुन १९ गते, सोमबार ● 2020 March 2 Monday ● पृष्ठ १०


### कीर्तिपुर नगरपालिकाको नियमित पत्रकार भेटघाट

# कीर्तिपुरमा ऐतिहासिक हतियार प्रदर्शन गरिने

कीर्तिपुर नगरपालिकाले मासिक रुपमा गर्दै आइरहेको पत्रकार भेटघाट कार्यक्रम आइतबार गरेको छ। नगरपालिकाले गर्दै आइरहेको कामहरूलाई पारदर्शिढङ्गले नै गरिरहेको जानकारी गराउने उद्देश्यले प्रत्येक महिनाको १० गते पत्रकार भेटघाट कार्यक्रम गरिरहेको भए पनि यसपालि केही दिन ढिलो भएको जनाएको छ।

नगरपालिकाका मेयर रमेश महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा उपमेयर तथा नगरपालिकाका प्रवक्ता सरस्वती खड्काले स्वागत गर्नुभएको थियो भने सूचना अधिकृत परशुराम चौलागाईंले नगरपालिकाको प्रगति विवरण सुनाउनु भएको थियो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाले यही २०७७ बैशाख १६ गतेदेखि २० गतेसम्म गर्न लागेको कीर्तिपुर महोत्सवको बारेमा प्रकाश पारिएको थियो। पत्रकार हरूको जिज्ञासामा मेयर महर्जनले कीर्तिपुर महोत्सव गर्न लागेको केही दिन अगाडि नै




वडा नं. ५ र ८ ले पाँगा महोत्वस गर्न लागेको भन्ने आफुलाई आधिकारिक जानकारी नभएको बताउनुभयो। वडा नं. ५ र ८ पनि कीर्तिपुर भित्र नै पर्ने र कीर्तिपुर महोत्सवको घोषणा गर्दा अध्यक्षहरू समेत उपस्थित हुनु भएकोले त्यसरी एकै समयमा छुट्टाछुट्टै देखिने गरी महोत्सव हुनु राम्रो नभएको बताउनुहुँदै अध्यक्षहरूले यसमा विचार गर्नुहुनेछ भनी विश्वास व्यक्त गर्नुभयो। यद्यपि हाल विश्वमा फैलिएको कोरोना भाइरसका कारण कहीँपनि भिडभाड नगर्न संघीय सरकारले निर्देशन गरेको कुरा अवगत गराउनुहुँदै बैशाखसम्म आन्तरिक तयारी गरि ए पनि भाइरसको प्रकोपको खतरा देखिए स्थगित हुनसक्ने समेत जानकारी गराउनुभयो।

कोरोना भाइरसप्रति सचेत भई स्थानीय विष्णुदेवी अस्पतालमा हेल्प डेस्क स्थापना गरिसकेको र यस सम्बन्धी थप कार्यक्रमहरू तुरुन्तै योजनाबद्धढङ्गले अगाडि ल्याउने समेत पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

कीर्तिपुर महोत्सवमा स्थानीय कलाकारलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू गर्ने, स्थानीय उत्पादन, वस्तु तथा क्युरियो सामान प्रदर्शनी र विक्री गर्ने बागमती प्रदेश स्तरीय लोकबाजा प्रदर्शनी गर्ने र विशेष रुपमा पृथ्वीनारायण शाहको पालाको युद्धमा प्रयोग भएका तर हालसम्म पनि व्यक्तिको घरमै रही रहेका हतियारहरू पनि प्रदर्शन गर्ने बताउनुभयो।

कीर्तिपुर सम्बन्धी छोटो चलचित्र प्रतियोगिता भइरहेको र तिनको प्रदर्शनी गर्ने लगायत स्थानीय जात्रा पर्वहरू, फुड स्टलहरूको व्यवस्था हुनुका साथै निःशुल्क स्वास्थ्य परिक्षण, हेरिटेज वाल्क, म्युजिकल कन्सर्ट आदि गर्ने जानकारी गराउनुभयो।

कार्यक्रममा उपमेयर खड्काले पनि पत्रकारहरू जिज्ञासाको उत्तर दिनुभएको थियो।




## सम्पादकीय

**कीर्तिपुर महोत्सव २०७७**

# सफलताका लागि आवश्यक पूर्व तयारी

आगामी २०७७ बैशाख १६ देखि २० सम्म कीर्तिपुर महोत्सव २०७७ को आयोजना हुन गइरहेको छ। उक्त महोत्सवको उद्घाटन सम्माननीय उपराष्ट्रपतिबाट हुँदैछ। उक्त महोत्सव सफलतापूर्वक सम्पन्न गर्न र त्यसबाट नगरबासीले दीर्घकालीन रुपमा फाइदा प्राप्त गरिरहन नगरपालिका र नगरबासीहरूले अहिलेबाटै केही पूर्वतयारीहरू पूरा गर्नु जरुरी छ। अन्यथा यो महोत्सव पनि कीर्तिपुर र सम्पूर्ण कीर्तिपुरबासीको हितमा भन्दा केही सिमित टाठा बाठा व्यापारी र विभिन्न राजनीतिक दलका तथाकथित कार्यकर्ता तथा स्वघोषित सामाजिक अभियन्ताहरूको कमाइखाने मेलोमेसो मात्र हुनेछ।

वस्तविक रुपमा महोत्सव सफल तुल्याउन र त्यसको मौद्रिक मूल्य दीर्घकालसम्म कायम राख्न यस पटकको महोत्सव कुनै एउटा बस्तीमा मात्र केन्द्रित नगरी सम्भावना भएका सबै बस्ती तथा सम्पदा क्षेत्रहरूमा विस्तार गर्नु जरुरी छ। त्यस्ता बस्ती र क्षेत्रमा विद्यमान सबै गैरसरकारी संस्थाहरू, परम्परागत गुठी तथा धार्मिक संघ संस्थाहरू, महिला समूह, कृषि समूह, सहकारी, युवा तथा खेलकुद क्लबहरूलाई सक्रीय सहभागी गराउनु जरुरी छ। पुराना र ऐतिहासिक मात्र नभई नयाँ गन्तव्यमा पनि पर्यटक पुऱ्याउने अभियान चलाउनु जरुरी छ। छिमेकी नगरपालिकाहरूकाका उपयुक्त सम्पदा र क्षेत्रहरूको समेत आगन्तुकहरूलाई भ्रमण गराउने योजना बनाउनु आवश्यक छ। व्यापारिक संस्था र घरानाभन्दा जन स्तरबाट व्यापारिक स्टलहरू चलाउनु पर्नेछ जसले गर्दा महोत्सवको प्रतिफल स्थानीय जनस्तरमा नै पुग्नेछ। साथै महोत्सवको प्रबर्द्धनमा बागमती प्रदेश सरकारलाई पनि सहभागी बनाउनु आवश्यक छ।

यसको सकारात्मक असर भविष्यमा समेत कायम राख्नका लागि महोत्सवलाई तत्काल फाइदाको व्यापार मेलाको रुपमा भन्दा सम्पदा, संस्कृति र उत्पादनको प्रचार प्रसार गर्ने र तिनको बजारीकरणको अभियानलाई प्राथमिकता दिनु आवश्यक छ। त्यस्ता प्रचार प्रसार नगरी नहुने कुराहरूमा यहाँका जात्रा पर्व, मठ मन्दिर, प्राकृतिक श्रोतहरू, नयाँ पर्यटकीय गन्तव्यहरू, यहाँका विभिन्न जात जातिका मौलिक सामाजिक परम्पार र संस्कारहरू, विभिन्न स्थानका ऐतिहासिक तथा मौलिक प्राकृतिक, ऐतिहासिक अवस्थितिहरू र स्थानीय उत्पादनहरू पर्दछन्। यस प्रकारका कामहरू गर्नको लागि स्थानीय मात्र नभई राष्ट्रिय स्तरका सञ्चार गृहहरूलाई समेत अनुरोध गर्ने र आवश्यक सहयोग लिने वातावरण बनाउनु जरुरी रहेको छ। यसका साथै विभिन्न पदमार्गहरूको एकीकृत योजना बनाई त्यस पदमार्गमा पदयात्रा गर्ने (Hiking, Trekking) जस्ता काम समेत संलग्न गर्नु जरुरी छ।

---

**कीर्तिपुर महोत्सव २०७७**

# महोत्सव एक, अवसर अनेक

**आर बि महर्जन**

कीर्तिपुर नगरपालिकाले आगामी २०७७ बैशाख १६ देखि २० गतेसम्म कीर्तिपुर महोत्सव २०७७ को आयोजना गर्दैछ। महोत्सवको उद्घाटन सम्माननीय उपराष्ट्रपतिबाट हुँदै छ। यो महोत्सव वर्तमान समयमा नेपालका विभिन्न स्थानमा गरिने महोत्सवहरूको भीडमा नहराओस् र महोत्सव अवधिभर गरिने केही औपचारिक कार्यक्रम र सोही अवधिमा हुने केही व्यापारिक गतिविधिमा सिमित नहोस् भनी अहिलेदेखि नै नगरपालिका र नगरबासीहरू सचेत हुनु जरुरी छ । अन्यथा यो महोत्सव कीर्तिपुर र सम्पूर्ण कीर्तिपुरबासीको हित भन्दा केही सिमित टाठा बाठा व्यापारी र विभिन्न राजनीतिक दलका तथाकथित कार्यकर्ता तथा स्वघोषित सामाजिक अभियन्ताहरूको कमाइखाने मेलोमेसो भन्दा बढी केही हुने छैन।

सामान्यतया महोत्सवहरूमा हुने गतिविधि भनेका केही मनोरञ्जनात्मक कार्यक्रमका साथमा जुवा जन्य गतिविधि र व्यापारिक घराना तथा संस्थाहरूको प्रचार तथा सामग्री विक्री गर्ने स्टल हुने गर्दछ। कीर्तिपुर महोत्सव व्यापार मेलामा मात्र सिमित नगरी यस महोत्सवबाट दीर्घकालीन रुपमै कीर्तिपुरको पहिचान, उत्पादन र यहाँका मूर्त एवम् अमूर्त कला संस्कृतिहरूको प्रचार प्रसारका साथ साथै प्रबर्द्धन गर्ने कार्यक्रम र गतिविधिहरू हुनु जरुरी छ। त्यसो भए मात्र साँचो अर्थमा महोत्सव सफल भएको मानिने छ।

महोत्सव सफल बनाउन यहाँको नेतृत्वले केही आधारभूत काम यथाशक्य छिटो सम्पन्न गर्नुपर्ने हुन्छ। यसको लागि यहाँको सडक पूर्वाधार सुधार गरी व्यवस्थित बनाउने, वातावरणीय सरसफाइलाई तीब्रता दिने, यहाँका संस्कृति र साँस्कृतिक सम्पदाहरूको प्रचार प्रसार र व्यवस्थापन गर्ने, नयाँ गन्तव्यहरूको पहिचान गर्ने, आन्तरिक पर्यटक मात्र लक्षित नगरी वाह्य पर्यटकसम्म पनि पहुँच पुऱ्याउने, छिमेकी जिल्ला र नगरपालिकाहरूसँग समन्वय गरी त्यहाँबाट अत्यधिक सङ्ख्यामा महोत्सव अवलोकनमा सहभागी बनाउने प्रयत्न गर्ने जस्ता कार्यहरूमा तुरुन्त समय र स्रोत लगानी गर्नु पर्नेछ । यसो गरिए मात्र महोत्सव अवधिमा अवलोकन गरिएका र राखिएका स्टलबाट हुने व्यापार र त्यसबाट भएको तत्कालिन आर्थिक लाभबाहेक कीर्तिपुरबासीले निरन्तर थप फाइदा पाइरहन सक्नेछन्।

महोत्सवहरू सामान्यतः दुई किसिमले सञ्चालन गर्ने गरिन्छ। एउटा तरिका आफ्नो क्षेत्र भित्रका उत्पादनहरू र अन्यत्रबाट ल्याइएका सामग्रीहरू निश्चित स्थान भित्र विभिन्न स्टल बनाएर त्यहीँ प्रदर्शन गरी विक्री वितरण गर्ने, अर्को तरिका भने आफ्नो क्षेत्रमा उपलब्ध रहेको वस्तु जहाँ जहाँ उत्पादन हुन्छ, त्यही क्षेत्रमा महोत्सवमा सहभागी हुन आउने व्यक्तिहरूलाई पुऱ्याउने र त्यहींबाट उत्पादनहरूको प्रचार प्रसार र विक्री वितरण गर्ने र सबै गन्तव्यहरूमा आगन्तुकहरूलाई पुऱ्याउने प्रयत्न गर्ने। यी मध्ये कुन मोडेल अपनाउने हो ? सो छिट्टै निर्क्यौल गरी सोही अनुसारको तयारी गर्न अब ढिला गर्न नहुने अवस्था रहेको छ। जे जस्तो भए पनि उक्त महोत्सवमा बाह्य पर्यटकहरू ठूलो सङ्ख्यामा सहभागी गराउन पर्यटनसँग सम्बद्ध संघ संस्थाहरू र व्यवसायीहरूसँग यथाशीघ्र भेटघाट गरी आवश्यक परामर्श थाल्न ढीला नै भैसकेको छ। यस तर्फ पनि नगर नेतृत्वको ध्यान जानु जरुरी छ।

## मेरो धारणा

**कीर्तिपुर महोत्सव व्यापार मेलामा मात्र सिमित नगरी यस महोत्सवबाट दीर्घकालीन रुपमै कीर्तिपुरको पहिचान, उत्पादन र यहाँका मूर्त एवम् अमूर्त कला संस्कृतिहरूको प्रचार प्रसारका साथ साथै प्रबर्द्धन गर्ने खालका कार्यक्रम र गतिविधिहरू हुनु जरुरी छ। त्यसो भए मात्र साँचो अर्थमा महोत्सव सफल भएको मानिने छ।**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# स्वस्थ देखिने व्यक्तिको स्वास्थ्य परीक्षण गरिने



कीर्तिपुर नगरपालिका लगायत चन्द्रागिरि नगरपालिका र दक्षिणकाली नगरपालिकाका जनताहरूको स्वास्थ्य परीक्षण गरिने भएको छ। खासगरि कुनै पनि स्वास्थ्य संस्थामा नगएका वा कुनै पनि औषधि सेवन नगरिएका र हेर्दा स्वस्थ नै देखिएका व्यक्तिहरूको स्वास्थ्य परिक्षण गर्न लागेको हो । बागमती प्रदेश सरकारले "मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम" अन्तर्गत यो कार्यक्रम ल्याएको हो।

हेर्दा स्वस्थ नै भएको व्यक्तिमा पनि केही लक्षण देखा नपरिकननै कुनै न कुनै रोगहरू भइरहेको तथ्याङ्क प्रस्तुत गर्दै त्यस्ता व्यक्तिहरूले समयमा नै उपचार पाएको खण्डमा अकाल मृत्युबाट बचाउन सक्ने बताइएको थियो । वागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले फागुन १२ गते कीर्तिपुर अस्पतालमा भएको एक कार्यक्रममा कीर्तिपुर नगरपालिका, चन्द्रागिरि नगरपालिका र दक्षिणकाली नगरपालिकाका जनप्रतिनिधिहरूलाई मन्त्रालयका तर्फबाट डा. खेमबहादुर कार्कीले यस बारेमा जानकारी दिनुभएको हो। उक्त कार्यक्रममा मानिसको औसत आयु ७० वर्षसम्म हुने भएकोले ७० वर्षभन्दा कम उमेरका मानिसहरूले आफूलाई कुनै पनि रोग लागेको थाहा नभइकनै अकालमा मृत्यु हुने गरेको तथ्याङ्क प्रस्तुत गर्दै त्यस्तो मृत्युदर घटाउन वागमती प्रदेश सरकारले यो कार्यक्रम लागु गरेको जानकारी गराएको थियो।

यस कार्यक्रम अन्तर्गत नसर्ने रोगको जाँच गर्ने, दमखोकी, रक्तचाप, पिसावको जाँच, रगतमा चिनीको जाँच, मृगौलाको जाँच, छातीको एक्स रे तथा इसिजी जाँच जस्ता १५ भन्दा बढीको स्वास्थ्य परिक्षण गर्ने जनाएको छ । उक्त परिक्षणहरू बाहिर अस्पतालमा गर्नुपर्दा ६ हजार देखि ३२ हजार सम्म तिर्नु पर्ने हुन्छ भने यस कार्यक्रम अन्तर्गत जम्मा २ हजार २ सय मात्र र त्यसमा पनि २५ प्रतिशत छुट हुने हुँदा जम्मा १ हजार ६ सय पचास मात्र पर्ने पनि जानकारी गराइएको छ। अझ त्यसमा स्थानीय सरकार (वडा कार्यालयको) सिफारिसमा लोपोन्मुख तथा अल्पसंख्यक जातिहरू, सहिद तथा बेपत्ता परिवार र सशस्त्र द्वन्दका घाइते व्यक्ति, महिला स्वास्थ्य स्वयं सेविका, लोकतान्त्रिक आन्दोलनका घाइते व्यक्ति, नेपाल सरकारले जारी गरेको गरीब घरपरिवार परिचय पत्र प्राप्त नागरिक र स्वघोषित विपन्न व्यक्तिहरूलाई भने निःशुल्क नै परीक्षण हुने समेत जानकारी गराएको छ।

चालु आ.ब.मा १ लाख जनालाई उक्त स्वास्थ्य परीक्षण गर्ने लक्ष्य लिएको मन्त्रालयले हाल १२ जिल्लाका प्रदेश सरकार अन्तर्गतका १५ वटा गैर नाफामुलक तथा सामुदायिक अस्पतालमा यो सेवा लागु गर्ने योजना अन्तर्गत कीर्तिपुर, चन्द्रागिरि र दक्षिणकाली नगरपालिकाको लागि कीर्तिपुर अस्पतालमा सेवा उपलब्ध हुने जानकारी गराउँदै प्रत्येक वडामा जम्मा २५ जनालाई मात्र यो सुविधा उपलब्ध गराउने जानकारी गराएको थियो । कार्यक्रममा कीर्तिपुर नगर पालिकाका मेयर रमेश महर्जन, चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरी लगायत नगरपालिकाका वडाअध्यक्ष, सदस्यहरू र स्वास्थ्य शाखा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

---

**कीर्तिपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्याः
च.नं.:

मितिः २०७६/११/११

**शिक्षा शाखा**

कीर्तिपुर नगरपालिका अन्तर्गत सञ्चालित सबै संस्थागत तथा सामुदायिक विध्यालयका आधारभूत तह कक्षा ८ को नगर स्तरीय वार्षिक परीक्षा तपशिलको मिति र समयमा हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

परीक्षा समयः दिउसो १.०० बजे

| क्र. सं | मिति | विषय | कैफियत |
|---|---|---|---|
| १ | २०७६।१२।०६ | अंग्रेजी | |
| २ | २०७६।१२।०७ | नेपाली | |
| 3 | २०७६।१२।०९ | गणित | |
| ४ | २०७६।१२।१० | विज्ञान | |
| ५ | २०७६।१२।११ | सामाजिक | |
| ६ | २०७६।१२।१२ | पेशा व्यवसाय | |
| ७ | २०७६।१२।१३ | स्वास्थ्य शारीरिक र नैतिक शिक्षा | |
| ८ | २०७६।१२।१४ | स्थानीय विषय | |

नोटः मिति २०७६।१२।१४ गते परीक्षा हुने स्थानीय विषय आ-आफ्नो विध्यालयले प्रश्न पत्र निर्माण गरी विध्यार्थी संख्या अनुसार परीक्षाको अघिल्लो दिन सम्बन्धित परीक्षा केन्द्रमा उपलब्ध गराइदिनु होला ।

टंकलाल गैरे
उपसचिव

# हिलटाउन स्कुलं अभिभावक दिवस हन




किपू नगरपालिका वडा नं. १ बाघभैरवय् च्वंगु हिलटाउन स्कुलं २७ क्वःगु अभिभावक दिवस हंगु दु। फागुन १७ गते जूगु ज्याभ्वलय् मूपाहाँ जिल्ला समन्वय समितिया प्रमुख शिवसुन्दर राजबैद्यं उलेज्या यानादीगु खः।

किपू नगरपालिकाया मेयर व स्कुलया पुलांम्ह प्रधानाध्यापक रमेश महर्जनं थःम्हं त्वनावनेधुकाः आःयाम्ह प्रधानाध्यापक व व्यवस्थापन समितिं न्हापासिबें नं यक्व हे प्रगति याःगु न्ह्यथनादिसें किपूया शैक्षिक क्षेत्रय् न्युनतम शुल्कं गुणस्तरीय शिक्षा बियाच्वंगु धयादिल। प्रा.डा. रामकृष्ण महर्जनं थः स्कुलया अभिभावक, शिक्षक, व्यवस्थापक छुकि नं मलाःसां नं स्कुलं छुं ज्याभ्वःजुलकि सःताहइगु व स्कुलय् जुइगु ज्याभ्वलय ब्वति कया धयादिल। हिलटाउन स्कुलं अतिरिक्त क्रियाकलापय् बांलाक ज्या यानाच्वंगु धयादिसें नकतिनि हे जक विज्ञान व गणितया प्रदर्शनी जूगु च्वछायेबहःजूगु न्ह्यथनादिल। हिलटाउन स्कुलय् अन्तर्राष्ट्रिय स्तरया मल्टिपरपोज हल दुगु जूसां दक्वसिनं मस्यूगुलिं सकसितं सीकेबीमाःगु न्ह्यथनादिल।

स्कुलया अभिभावक–शिक्षक संगठनया को-अर्डिनेटर काजिराम मालाकारं कितावया ज्ञान सिबें नं व्यवहारिक ज्ञान माःगु उल्लेखयानादिसें मार्कशितय् यक्व ल्याः हयाः जक मज्यू, संस्कार व नैतिक शिक्षा दयेकेमाःगु धयादिल।

किपू नगरपालिका वडा नं. १ या अध्यक्ष हर्ष महर्जनं थःगु वडाय् लाःगु निगू स्कुलमध्ये सार्वजनिक शैक्षिक गुथि अन्तर्गत न्ह्यानाच्वंगु थुगु स्कुल जूगुलिं स्थानीय सरकार (वडां) ग्वहालि यायेमाः धकाः चालु आ.ब.य् स्कुलया भवन दयेकेत १० लाख बराबरया ग्वहालि यानागु धयादिल।

स्कुलया प्रधानाध्यापक राजन तण्डुकारं ६३ जिल्लां अध्ययनयानाच्वपिं विद्यार्थीत दुगु थुगु स्कुलय् न्युनतम शुल्कं गुणस्तरीय शिक्षा बियाच्वनागु धयादिल। विद्यार्थीया प्रतिभा व क्षमता कथं अतिरिक्त क्रियाकलाप त न्ह्याकाच्वनागु धयादिल। थःगु स्कुलया विद्यार्थीत उच्च ओहोदाय् समेत थ्यनाच्वंगु दसू न्ह्यब्वयादिसें थःगु जिम्मेवारी पूवंकाच्वनागु धयादिल।

स्कुलया व्यवस्थापन समितिया नायः हिराकाजी महर्जनं स्कुलया लागि जीवनपानादीपिं शिक्षक शिक्षिकातयूत स्कूलं छुबी फत धकाः न्ह्यसःतयादिसें भावुक जुयादिल। स्कुलया नियमानुसार फक्व ग्वहालि यायेगु धयादिसें ज्याभ्वलय् २५ दँ स्कुलय् सेवा यानादीगुलिं प्रधानाध्यापक राजन तण्डुकार व विष्णु महर्जनयात हनादीगु खः।

ज्याभ्वलय् विद्यार्थी, अभिभावकयालिसें आपाःलं शिक्षाविद्पिनिगु ब्वतिदुगु खः। ज्याभ्वः सिधयेका स्कुलया विद्यार्थीपिंसं थीथी साँस्कृतिक ज्याभ्वःत न्ह्यब्वःगु खः।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/११/१४)

यस नगरपालिकाको निम्न योजनाहरु शिलबन्दी दरभाउपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।
२) दरभाउपत्र मिति २०७६/११/२८ गते कार्यालय समय भित्र कीनपा कार्यालयबाट खरिद गरि मिति २०७६/११/२९ गते मध्यान्ह १२:०० बजे सम्म कीनपा कार्यालयमा पेश गर्नु पर्ने छ। पेश भएका शिलबन्दी दरभाउपत्रहरु निजको वारेसको उपस्थितिमा मिति २०७६/११/२९ गते दिनको ५:०० बजे, कीनपा कार्यालयमा खोलिनेछ। निर्माण व्यवसायी उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३) दरभाउपत्र खरिद तथा पेश गर्न तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) शिलबन्दी दरभाउपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।
४) शिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई शिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
५) शिलबन्दी दरभाउपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ९० दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ।
६) दरभाउपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ।
७) दरभाउपत्र सम्वन्धी विस्तृत सूचना यस नगर कार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ।
८) यस दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ।
९) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | दरभाउपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १ | KRM 42/076/077 | प्रगति हाईट जाने बाटो ढलान, वडा नं. ४ | १,७०५,६२७.६६ | १०००।- |
| २ | KRM 43/076/077 | हैडोल जाने बाटो ढलान, वडा नं. ४ | ७९८,०६७.०० | १०००।- |

# कीर्तिपुर महोत्सव २०७७ को लागि सचिवालय समिति गठन

ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्त्विक एवं पर्यटकीय तथा मौलिक पहिचानका दृष्टिकोणले महत्त्वपूर्ण नगरीको रुपमा रहेको यस कीर्तिपुर नगरमा नगरपालिकाको आयोजनामा सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको प्रमुख आतिथ्यतामा समुद्घाटन हुने **"कीर्तिपुर महोत्सव २०७७"** (बैशाख १६ देखि २० गतेसम्म ५ दिन)भव्य तथा सभ्य रुपमा सम्पन्न गर्नको लागि यस कीर्तिपुर नगरपालिकाका प्रमुख श्री रमेश महर्जनको संयोजकत्वमा १५१ सदस्यीय मूल समारोह समिति गठन भएको छ। साथै ५१ जनाको सचिवालयसमेत गठन गरेको छ। सचिवालयमा देहायबमोजिम पदाधिकारीहरू तथा सदस्यहरू रहनु भएको छ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख श्री रमेश महर्जन | संयोजक |
| २. | नगर उप प्रमुख श्री सरस्वती रिजाल खड्का | सदस्य |
| ३. | प्रशासकीय अधिकृत - श्री ध्रुवराज आचार्य | सदस्य |
| ४. | श्री हर्ष महर्जन | सदस्य |
| ५. | श्री रमेशमान डंगोल | सदस्य |
| ६. | श्री राजेन्द्र महर्जन | सदस्य |
| ७. | श्री राजेन्द्र बानियाँ | सदस्य |
| ८. | श्री राजेन्द्र कुमार महर्जन | सदस्य |
| ९. | श्री न्हुच्छे बहादुर महर्जन | सदस्य |
| १०. | श्री राजकुमार माली | सदस्य |
| ११. | श्री विनोद महर्जन | सदस्य |
| १२. | श्री गंगाराम महर्जन | सदस्य |
| १३. | श्री अमन महर्जन | सदस्य |
| १४. | श्री नन्द देबी महर्जन | सदस्य |
| १५. | श्री सुनिता नकर्मी | सदस्य |
| १६. | श्री संगिता श्रेष्ठ | सदस्य |
| १७. | श्री सुमन पोखरेल | सदस्य |
| १८. | श्री सरस्वती परियार | सदस्य |
| १९. | श्री राजेन्द्र तोलाङ्गे | सदस्य |
| २०. | श्री सानु मिजार | सदस्य |
| २१. | श्री राजु मिजार | सदस्य |
| २२. | श्री हिराकाजी महर्जन | सदस्य |
| २३. | श्री रमेश मान महर्जन | सदस्य |
| २४. | श्री दिलिप महर्जन | सदस्य |
| २५. | श्री सुरेन्द्र मानन्धर | सदस्य |
| २६. | श्री सुविन्द्र नारायण महर्जन | सदस्य |
| २७. | श्री लक्ष्मी कुमार महर्जन | सदस्य |
| २८. | श्री रत्न महर्जन | सदस्य |
| २९. | श्री बटुकृष्ण थापा | सदस्य |
| ३०. | श्री विकास महर्जन | सदस्य |
| ३१. | श्री योगेन्द्र थापा | सदस्य |
| ३२. | श्री राजकुमार नकर्मी | सदस्य |
| ३३. | श्री शम्भुराम महर्जन | सदस्य |
| ३४. | श्री शुसिल महर्जन | सदस्य |
| ३५. | श्री प्रयागमान प्रधान | सदस्य |
| ३६. | श्री बज्रमुनि बज्राचार्य | सदस्य |
| ३७. | श्री नन्द कुमारी महर्जन | सदस्य |
| ३८. | श्री नारायण महर्जन | सदस्य |
| ३९. | श्री बसन्त नेपाल | सदस्य |
| ४०. | श्री सरव महर्जन | सदस्य |
| ४१. | श्री हर्षमान महर्जन | सदस्य |
| ४२. | श्री कृष्णमान डंगोल | सदस्य |
| ४३. | श्री राम मान सिं | सदस्य |
| ४४. | श्री हेराज्ञान महर्जन | सदस्य |
| ४५. | यातायात समिति | सदस्य |
| ४६. | कीर्तिपुर प्रहरी | सदस्य |
| ४७. | फोहर मैला कम्पनी | सदस्य |
| ४८. | जुजुभाई महर्जन | सदस्य |
| ४९. | रुपेश बुदाथोकी | सदस्य |
| ५०. | बुद्धिमान महर्जन | सदस्य |
| ५१. | भाईलाल महर्जन | सदस्य |

यस महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि १८ वटा उपसमिति समेत गठन गरिएको छ। सो उपसमितिमा निम्न कार्यपालिकाका सदस्यहरू संयोजक रहनुभएको छ।

१. सरसफाई उप-समिति
संयोजक- हर्ष महर्जन

२. साँस्कृतिक बाजा व्यवस्थापन उप-समिति
संयोजक - रमेशमान डंगोल

३. स्वयम् सेवक परिचालन तथा शान्ती सुरक्षा व्यवस्थापन उप-समिति
संयोजक - राजेन्द्र महर्जन

४. मञ्च व्यवस्थापन उप- समिति
संयोजक - राजेन्द्र बानियाँ

५. हस्तकला प्रदर्शनी उप-समिति
संयोजक - राजेन्द्र कुमार महर्जन

६. प्रचार प्रसार उप-समिति
संयोजक - न्हुच्छेबहादुर महर्जन

७. सांगितीक व्यवस्थापन उप-समिति
संयोजक - राजकुमार माली

८. यातायात तथा पार्किङ्ग व्यवस्थापन उप-समिति
संयोजक - विनोद महर्जन

९. पुरातात्त्वीक बस्तु संकलन तथा प्रदर्शन उप-समिति
संयोजक - गंगाराम महर्जन

१०. स्टल व्यवस्थापन उप-समिति
संयोजक - अमन महर्जन

११ महिला समूह समन्वय उप-समिति
संयोजक - नन्द देबी महर्जन

१२. खाजा तथा खाना व्यवस्थापन उप-समिति
संयोजक - सुनिता नकर्मी

१३. ऐतिहासिक फोटो तथा कला प्रदर्शनी उप-समिति
संयोजक - राजेन्द्र तोलाङ्गे

१४. अतिथि सत्कार उप-समिति
संयोजक - सरस्वती परियार

१५. संघ संस्था समन्वय उप-समिति
संयोजक - संगिता श्रेष्ठ

१६. खेलकुद् तथा सहासिक खेल समन्वय उप-समिति
संयोजक - सानु मिजार

१७. होटल तथा होमस्टे समन्वय उप-समिति
संयोजक - सुमन पोखरेल

१८. स्वास्थ्य उप-समिति
संयोजक - राजु मिजार

## कीर्तिपुर महोत्सव २०७७ सफल पार्न

# विभिन्न संघसंस्थाहरूसँग छलफल



ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्त्विक एवं पर्यटकीय तथा मौलिक पहिचानका दृष्टिकोणले महत्त्वपूर्ण नगरीको रुपमा रहेको यस कीर्तिपुर नगरपालिकामा आगामि २०७७ बैशाख १६ गते देखि २० गते सम्म हुने कीर्तिपुर महोत्सव सफलतापूर्वक सम्पन्न गर्नका लागि कीर्तिपुरका विभिन्न संघसंस्थाहरूसँग छलफल गरेका छन् ।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र उपमेयर सरस्वती खड्का समेतको उपस्थितिमा कीर्तिपुर नगरपालिकाको नयाँभवन अमल्सिको सभा हलमा छलफलहरू भएका छन् । फागुन ६ गते फोहर मैला व्यवस्थापनसँग, फागुन ७ गते कीर्तिपुरका कलाकारहरूसँग छलफल गरेका छन् भने फागुन २१ गते पनि कलाकारहरूसँग कृष्ण क्याटरिङ्ग, अमल्सिमा छलफल हुने जानकारी दिनुभएको छ। त्यसैगरी फागुन ११ गते कीर्तिपुरमा कार्यरत संघसंस्थाहरूसँग छलफल गरेका छन् भने कीर्तिपुरमा कार्यरत निजि बैंकहरूसँग फागुन १४ गते छलफल गरेका छन् । फागुन १४ गते नै त्रिभुवन विश्वविद्यालयका विभागीय प्रमुखहरूसँग छलफल गरको थियो भने फागुन १५ गते लाइन एजेन्सीहरुसँग, फागुन १६ गते दाफा खलःका प्रतिनिधिहरूसँग, फागुन १८ गते निजि शैक्षिक विद्यालयहरूसँग छलफल गरेको थियो । फागुन १९ गते सहकारीहरूसँग छलफल गर्ने र फागुन २२ गते घरेलु हस्तकला महासंघ, WEAN सँग दिनको २ बजे छलफल गर्ने त्यसैगरी फागुन २३ गते कीर्तिपुर नगरमा भएका विभिन्न क्लबहरूसँग र कीर्तिपुर नगरका संचारकर्मीहरूसँग पनि छिट्टै नै छलफल गर्ने बताइएको छ।

**कीर्तिपुर महोत्सव २०७७ को लागि गठन गरेको सल्लाहकार समितिका पदाधिकारीहरू**

१. प्रा. डा. हिरा बहादुर महर्जन
२. प्रा. डा. शिव शरण महर्जन
३. प्रा. डा. राम कृष्ण महर्जन
४. प्रा. डा. चन्द्रमान बज्राचार्य
५. प्रा.डा.श्याम कृष्ण महर्जन
६. प्रा.डा.धर्म राज महर्जन
७. ई.रामेश्वर रिजाल
८. माधव महर्जन
९. प्रकास जंग कार्की

# १० नं. वडाय् महिला लक्षित ज्याभ्‍वः सशक्तिकरण व सकारात्मक बिचाः सम्बन्धी तालिम

किपू नगरपालिका वडा नं. १० या ग्वसालय् वडा स्तरिय महिला लक्षित ज्याभ्‍वः कथं महिला सशक्तिकरणया लागि सकारात्मक बिचाः ज्याभ्‍वः जूगु दु। फागुन १३ गते हिल साइड होटलय् मूपाहाँ किपू नगरपालिकाया मेयर रमेश महर्जनं ज्याभ्‍वःया उलेज्या यानादीगु खः। ज्याभ्‍वःया उलेज्या यानादिसें मूपाहाँ महर्जनं आःया भीगु समाजय् मनूत स्वभाविकै रुपं न्हापां नकारात्मक हे जुइगु धयादिल। छम्ह मचा दइबलय् वं ज्वनांतःगु गिलासय्च्वंगु लः बच्छि वाइबलय् गिलाया लः बच्छि हे वातका धकाः दुःख जुइगु व वहे घटनातय् गिलासय् लः बच्छि हे दनि धकाः लयेताइगु खँया दसू बियादिसें समाजय् जुइगु थीथी घटनायात गुकथं कायेगु धइगु थःयाके हे निर्भर जुइगु धयादिल। सकारात्मक बिचाः यायेगु मिसातयेत जक मखुसें मिजँतयूत नं माःगु धयादिसें मेयर महर्जनं मिसात शिक्षित जुइगु धइगु परिवार पूवंक हे शिक्षित जुइगु खँ कनादिल।

ज्याभ्‍वलय् विशेष पाहाँ उप प्रमुख सरस्वती खड्कां न्ह्याग्गुं खँय् नं ताःलाकेया लागि सकारात्मक बिचाः यायेमाःगु जरुरी जूगु धयादिल। सकारात्मक जुइ मसइगुया लिच्वः धइगु द्वन्द व विवाद ब्वलनीगु धयादिसें उप प्रमुख खड्कां नकारात्मक लिच्वः हे वइगु जूसांनं न्हापां सकारात्मक हे बिचाः यायेमाःगु धयादिल। सकारात्मक परिवर्तन यायेया लागिंथःम्हेसिनं हे शुरु यायेमाःगु धयादिसें उप प्रमुख खड्कां विकास निर्माणया हे खँय् नं सकारात्मकबिचाः मयात धाःसा व सम्भव नं मजुइगु व थः परिवर्तन जूसा जक परिवार, समाज, टोल व गां हे परिवर्तन यायेफइगु धयादिल।

वडा नं. १० या अध्यक्ष अमन महर्जनया सभानायःसुइ जूगु उलेज्या ज्याभ्‍वलय् ज्याभ्‍वःया कजि व वडा नं १० या दुजः संगीता उप्रेती श्रेष्ठं लसकुस यानादीगु खःसा लक्ष्मी पाण्डें ज्याभ्‍वः न्ह्याकादीगु खः।

खुन्हुतक न्ह्याःगु ज्याभ्‍वःया न्हापांया स्वन्हु (फागुन १५ गते तक) हिलसाईड होटलय् न्ह्याकूगु खःसा लिपांगु स्वन्हु अर्थात फागुन १८ गते तक चिलंचो विहारय् जूगु खः। ज्याभ्‍वलय् वज्रमुनि वज्राचार्य, शोभा वज्राचार्य व सुरेन्द्र मानन्धर, सुमित्रा महर्जन व गुजेश्वरी श्रेष्ठपिंसं महिला सशक्तिकरण, सकारात्मक बिचाः व कानुनय् मिसातयूगु हक अधिकार, महिला उद्यमशील, समूह विकास, धार्मिक, सामाजिक आदि विषयस प्रशिक्षण बियादीगु खः।




## कीर्तिपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं

### बोलपत्र स्वीकृतीका लागि आशयको सूचना

**प्रकाशित मिति : २०७६/११/१२**

यस कीर्तिपुर नगरपालिका अन्तर्गतको न्याम्ह सिमा चोक - अजिमा पार्क सडक स्तरोन्नती योजना संचालनको लागि मिति २०७६/०९/२३ गते प्रकाशित शिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको समय भित्र रीत पूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये की.न.पा.-२, गःसी ठेगाना भएका LNM/RM JV ले सबैभन्दा घटि रकम रु. ८,१५२,९०४.७० कबोल गरेकोले न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही उक्त बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीका लागि छनौट भएको हुँदा सोही ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

## किपू नगरपालिका चीहा संकिपा कासाया सुचं

किपू नगरपालिकाया ऐतिहासिक, साँकृतिक, सामाजिक पक्ष पिलुइ कथं किपू नगरपालिकाया ग्वसालय् जइगु किपू नगर चीहाः संकिपा कासाया चीहाः सकिपा दुथ्याकेगु ई मेगु लच्छि तनेगु निर्णय जूगुलिं थ्वहे वइगु २०७६ फागुन ३० गते तकया दुने चीहाः संकिपा दुथ्याकादीत सकल निर्मातापिंत इनाप याना च्वना।

किपू नगरपालिका चीहाः संकिपा कासा ग्वसाः खलः
किपू नगरपालिका




**जन्मदिनको शुभकामना :** कीर्तिपुर नगरपालिकाको मौलिक कार्यक्रम घरघरमा स्थानीय सरकार अन्तर्गत ३ नं. वडा समल टोलमा माहिर महर्जन जन्मेकोले आमा अनिता महर्जनलाई रु.दुई हजार नगद हस्तान्तरण गर्नुहुँदै वडाअध्यक्ष राजेन्द्र महर्जन। *तस्बिर : ज्ञानकुमार महर्जन*

## कीर्तिपुर नगरपालिका
# कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको
### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०७६/११/१६)

यस नगरपालिका अन्तर्गतको तपसिलको योजना सिलवन्दी बोलपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजत पत्र, सम्वन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, फर्म कम्पनी दर्ता प्रमाण पत्र, आ.ब. ०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र फाराममा उल्लेखित अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।
२) बोलपत्र फाराम नगरपालिका कार्यालयबाट मिति २०७६/१२/१६ गते कार्यालय समय भित्र खरिद गरी मिति २०७६/१२/१७ गते मध्यान्ह १२:०० बजे सम्ममा नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा मिति २०७६/१२/१७ गते अपरान्ह ५:०० बजे खोलिनेछ । निर्माण व्यवसायी वा वारेसको उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
५) सिलबन्दी बोलपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको हकमा कम्तीमा १२० दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।
६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।
७) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ ।
८) यस बोलपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।
९) बोलपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | KRM - 44/076/077 | मितेरीपुल स्वर्गद्वारी टोल समेत राजकुलो - हिकाष्ट सडक स्तरोन्नती तथा कालोपत्रे, वडा नं. २ | ४२,८९,१६४।४४ | ३०००।- |

# युवाहरूको लागि ३९० घण्टाको निःशुल्क तालिम सञ्चालन

कीर्तिपुर नगरपालिकासँगको सहकार्यमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक, प्राविधिक सहयोग र असल छिमेकी नेपालद्वारा सञ्चालित शहरी जिविकोपार्जन तथा फोहर व्यवस्थापन परियोजना अन्तर्गत कीर्तिपुर नगरपालिकामा सञ्चालन हुने "युवाहरूको लागि ३९० घण्टा अवधिको निःशुल्क सिलाई कटाई, जुनियर प्लम्बर र कुक तालिम"को फागुन १६ गते शुक्रबार एक समारोहका बिच कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले उद्घाटन गर्नुभयो।

कृष्ण क्याटरिङ्ग, अमल्सिमा भएको कार्यक्रममा तालिम प्रदायक संस्था सूर्यमणी प्राविधिक शिक्षालय हेटौंडा, मकवानपुरसँगको सम्झौतामा सञ्चालन हुने सो तालिममा सिलाइ कटाइमा ४१, कुकमा २१ र प्लम्बिङ्गमा ११ जना समावेश भएका छन्।

तालिमको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै कीर्तिपुर नगरपालिकाका उपमेयर खड्काले नगरपालिकाको श्रोत र साधनले सबै काम पूरा गर्न कठिनाई हुने र मुख्य पूर्वाधारमा नगरपालिकाको श्रोत र साधन परिचालन गर्नु पर्ने अवस्था भएकोले विकासमा गैह्र सरकारी संस्थाहरूसँग नगरपालिकाले समन्वय गरी कार्यक्रम सञ्चालन भैरहेको बताउनुभयो। युवा वर्ग लागि लक्षित तालिमले स्वरोजगार बन्न साथै तालिम पूरा गरेपछि प्राप्त उक्त सीपलाई सबैजनाले व्यवहारमा उतार्नु पर्नेमा उपमेयर खड्काले जोड दिनुभयो।

कार्यक्रममा असल छिमेकी नेपालका परियोजना संयोजक जानकी बोगटीले स्वागत गर्नु हुँदै तालिमबाट प्राप्त हुने सीपले स्वरोजगारको श्रृजना गर्नुको साथै जिविकोपार्जनमा महत्वपूर्ण योगदान






पुग्ने बताउनुभयो।

वर्ल्ड भिजन इन्टरनेशनलका शहरी जिविकोपार्जन संयोजक कृष्णराज ढकालले यस कार्यक्रले कीर्तिपुरका विभिन्न समूहहरूमा आर्थिक गतिविधि बढेको र कार्यक्रमले अति जोखिममा रहेका समुदायमा आत्मनिर्भरका लागि सहयोग पुगेको जानकारी गराउनुहुँदै आगामी दिनमा सञ्चालन हुने तालिमले तालिमका सहभागीहरुलाई आत्मनिर्भर हुन केन्द्रित हुने र आफ्नो आम्दानीबाट परिवारका सदस्यहरू र बालबालिकाहरूको स्वास्थ्य र शिक्षाको साथै आर्थिक गतिविधि समेत बढाउन सकिने बिचार व्यक्त गर्नुभयो।

सिलाइ तालिमका प्रशिक्षक संगीता महर्जनले पनि आफ्नो मन्तब्य राख्नुभएको कार्यक्रममा आगामी दिनमा सञ्चालन हुने कुक तालिमका प्रशिक्षक विरेन्द्र श्रेष्ठले तालिममा सिकाइने विषयवस्तुहरू बारे जानकारी गराउनु भएको थियो।

वडा नं. ७ का अध्यक्ष राजकुमार माली, वडा नं. ६ का महिला सदस्य मञ्जु बुढाथोकी, वर्ल्ड भिजन इन्टरनेशनल नेपालका निर्मला के.सी. र तालिमका सहभागी सदस्यहरू गरी करीव ६५ जनाको उपस्थिति रहेको कार्यक्रमको अध्यक्षता असल छिमेकी नेपालका प्रविन राईले गर्नु भएको थियो भने सूर्यमणी प्राविधिक शिक्षालयका भिम भुजेल कार्यक्रम सञ्चालक हुनुहुन्थ्यो।

**नगर सन्देश** कीर्तिपुर नगरपालिकाको बुलेटिन **१०**
ने.सं. ११४० चिल्लाथ्व सप्तमि
वि.सं. २०७६ फागुन १९ सोमवा:

# उपमेयरसहितको टोलीद्वारा स्थलगत निरीक्षण

कीर्तिपुर नगरपालिकामा भइरहेको विभिन्न विकास निर्माणका कार्यहरूको उपमेयर तथा अनुगमन समितिका संयोजक सरस्वती खड्काको नेतृत्वमा स्थलगत निरीक्षण भएको छ। वडा ५ को विष्टगाउँमा रिटेलिङ्ग वाल (पर्खाल), वडा नं. ६ को कार्की गाउँमा भएको बाटो ढलान र राम मन्दिरको मुनितिरको बाटो र सिंढी निर्माण, ८ नं. वडाको ध्वाकासीदेखि भ्याबुँसम्मको बाटो ढलान, धुसीमा सम्पन्न सिद्धिविनायक मन्दिर र वडा नं. १० मा निर्माण सम्पन्न भएको ढुङ्गेधाराको निरीक्षण गर्नुभएको थियो । अनुमगनमा उपमेयर खड्काका साथै वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जन, प्राविधिकहरू चाँदनी थापा, प्रवास महर्जन, अनुगमन समितिया सदस्य तथा ४ नं. वडाका अध्यक्ष राजेन्द्र बानिया र ३ नं. वडाका सदस्य नन्ददेवी महर्जन सहभागी हुनुहुन्थ्यो ।



# हार्दिक बधाई



धर्म महर्जन

हालै सम्पन्न अन्तरनगर एथ्लेटिक्स प्रतियोगितामा कीर्तिपुर नगरपालिकातर्फबाट **धर्म महर्जन**ले १० हजार मिटर दौडमा **प्रथम स्थान** र पूरा म्याराथन प्रतियोगितामा **दोश्रो स्थान** हासिल गर्नु भएको र कीर्तिपुर नगरपालिकाकै तर्फबाट **शकुन्तला ठगुन्ना**ले १० हजार मिटर महिलातर्फ दौडमा **प्रथम**, हाफ म्याराथन प्रतियोगितामा **दोश्रो** स्थान साथै ज्याभलिङ्ग थ्रो मा **प्रथम स्थान** हासिल गर्न सफल हुनु भएको र १० हजार मिटर दौडमा कीर्तिपुर नगरपालिकाकै **रामकृष्ण महर्जन**ले पाँचौं स्थान हासिल गर्न सफल हुनुभएकोमा सबैजनालाई हार्दिक बधाईका साथै **शुभकामना** व्यक्त गर्दछौं ।



शकुन्तला ठगुन्ना

**रमेश महर्जन**
**मेयर**

तथा

**सरस्वती खड्का**
**उप-मेयर**

## कीर्तिपुर नगरपालिका परिवार

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com